# गौमुखी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२
चलानी नं. १२४९

मितिः २०८२।०१।२६

श्री करार तथा ज्यालादारी कर्मचारीहरु (सबै),
गौमुखी गाउँपालिका, पुजा, प्यूठान ।

विषयः सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचिकृत हुने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा गौमुखी गाउँपालिका सामाजिक सुरक्षा कोषमा रोजगारदाताको रुपमा मिति २०८२/०१/२५ गते देखी दर्ता भएको साथै नेपाल सरकारको मिति २०८१/१२/१५ गतेको निर्णय बमोजिम यस गौमुखी गाउँपालिका, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २१ अनुसार योगदानकर्ताको रुपमा सूचीकृत हुन कर्मचारीहरुले देहाय अनुसार कट्टी हुने गरी तपसिलका कागजात तथा विवरण तहाँ कार्यालयको सिफारिस सहित १५ दिन भित्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

देहायः

योगदानकर्ताको खाईपाई आएको तलबको कम्तीमा साठी प्रतिशतलाई आधारभूत तलब मानी त्यसको बिस प्रतिशत गौमुखी गाउँपालिकाबाट र एघार प्रतिशत सम्बन्धित योगदानकर्ताको तर्फबाट कट्टा गरी जम्मा गर्नु पर्नेछ ।

तपसिलः

- योगदानकर्ताको सम्पर्क नं. र इमेल ।
- इच्छाएको व्यक्तिको नाम, ठेगाना सम्पर्क नं . ।
- नागरिकता प्रमाणपत्र/प्यानको प्रमाणपत्र/राहदानी/राष्ट्रिय परिचयपत्र/सवारी चालक अनुमति पत्र प्रतिलिपि (कुनै एक)।
- योगदानकर्ताको तीनपुस्ते पारिवारिक विवरण र सोसँग सम्बन्धित सकल प्रमाणपत्रहरु ।
- योगदानकर्ताको बैङ्क विवरण ।
- पासपोर्ट साईजको एक प्रति फोटो सहित यसै साथ संलग्न निवेदनको ढाँचा बमोजिम।

नोटः सामाजिक सुरक्षाकोषमा आवद्ध हुन कर्मचारी आफै उपस्थित हुनु पर्नेछ ।

२०८२।०१।२६
तुल्सीराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुल्सीराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री अध्यक्ष/उपाध्यक्षको सचिवालय - अवगतार्थ ।

श्री सामाजिक सुरक्षा कोष, शाखा कार्यालय बुटवल - जानकारीको लागि ।

श्री सबै वडा कार्यालय, गौमुखी गाउँपालिका - आवश्यक सहयोग तथा समन्वय गरिदिनुहुन ।

श्री कर्मचारी प्रशासन शाखा - सम्पूर्ण वडा कार्यालयलाई मेल गरिदिनुहुन ।

श्री सूचना तथा प्रविधि शाखा - यो पत्र कार्यालयको वेवसाइटमा अपलोड गरिदिनुहुन ।

मिति: २०८२/...../.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
पुजा, प्यूठान ।

विषयः सामाजिक सुरक्षा कोषमा आवद्ध हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा म यस गौमुखी गाउँपालिकाको..................................शाखा/वडा/ ........................मा........................................ देखि कार्यरत कर्मचारी श्री ......................................................... सामाजिक सुरक्षा कोषमा आवद्ध हुन इच्छुक रहेकाले सहभागि गराइदिनुहुन बिनम्र अनुरोध गर्दछु ।

....................

**निवेदक**

नामः

ठेगानाः

पदः

नियुक्ति मितिः